श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको अध्यादेश नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### प्रहरी ऐन, २०१२ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: प्रहरी ऐन, २०१२ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो अध्यादेशको नाम "प्रहरी (चौथो संशोधन) अध्यादेश, २०४२" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रहरी ऐन, २०१२ को दफा २ मा संशोधन : प्रहरी ऐन, २०१२ (यसपछि मूल ऐन भनिएको) को दफा २ को खण्ड (घ) मा रहेको "अतिरिक्त उपरीक्षक, नायव उपरीक्षक, सहायक उपरीक्षक" भन्ने शब्दहरूको सट्टा "प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायव उपरीक्षक" भन्ने शब्दहरू थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ मा रहेको "प्रहरी प्रशासनको जिम्मेवारी प्रहरी महानिरीक्षक" भन्ने शब्दहरूको पछाडि "प्रहरी अतिरिक्त महानिरीक्षक" भन्ने शब्दहरू थपिएका छन् र सोही दफामा रहेको "र सहायक महानिरीक्षकहरू" भन्ने शब्दहरू झिकिएका छन् ।

४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार अञ्चल प्रहरी कार्यालयमा प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक र जिल्ला प्रहरी कार्यालयमा प्रहरी उपरीक्षक वा प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक नियुक्त गर्न सक्नेछ ।"

५. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ मा–

(क) उपदफा (१) मा रहेको "महानिरीक्षक, नायव महानिरीक्षक वा सहायक महानिरीक्षक" भन्ने शब्दहरूको सट्टा "प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (३) मा रहेको "महानिरीक्षक, नायव महानिरीक्षक वा सहायक महानिरीक्षक" भन्ने शब्दहरूको सट्टा "प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक, प्रहरी वरिष्ठ उपरीक्षक" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को उपदफा (२) मा रहेको "वा तलब" भन्ने शब्दहरू झिकिएका छन् ।

७. मूल ऐनको दफा २८ मा संशोधन : मूल ऐनको दफा २८ को उपदफा (३) मा रहेको "महानिरीक्षक, नायव महानिरीक्षक वा सहायक महानिरीक्षक" भन्ने शब्दहरूको सट्टा "प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मितिः– २०४२।१।२६।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C Ee